# स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रम कार्यविधि, २०८२

## पाख्रीबास नगरपालिका

पाख्रीबास, धनकुटा

कोशी प्रदेश, नेपाल

## स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रम कार्यविधि, २०८२

**पाख्रीबास नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०१/२५**

मिति २०८३/१/२५ गते पाख्रीबास नगर कार्यपालिकाबाट पारित भई प्रमाणिकरणको लागि पेश भएको स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रम कार्यविधि, २०८२ प्रमाणित गर्दछु ।

**प्रमाणिकरण मितिः २०८३/१/२५**

............................................
नामः ज्ञान बहादुर गुरूङ
पदः नगर प्रमुख
पाख्रीबास नगरपालिका
नगर कार्यपालिका कार्यालय, पाख्रीबास, धनकुटा

**प्रस्तावनाः**

पाखीवास नगरपालिकाको कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि, पूर्वाधार विकास, आधुनिकीकरण एवम् व्यवसायिकरण र उत्पादन लक्षित लगानी वृद्धि गर्न पाखीबास नगरपालिकाले सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाई स्थानीय उत्पादनको बजारीकरण सहयोग गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५(४) र प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ दफा २७ ले दिएको अधिकार प्रयोग गरी पाखीबास नगरपालिकाले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रम कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि पाखीवास नगरपालिका क्षेत्र भित्र रहेका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि सँग सम्बन्धित समिति र कृषि व्यवसायीहरुको हकमा मात्र लागू हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**(क) "ऐन"** भन्नाले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

**(ख) "कार्यविधि"** भन्नाले स्थानीय उत्पादनको बजारीकरण सहयोग कार्यक्रम कार्यविधि, २०८२ सम्झनु पर्छ ।

**(ग) "अनुदान"** भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, विविधिकरण, व्यवसायिकरण, औधोगिकरण तथा गरिबी निवारण सँग सम्बन्धित कार्यक्रम सञ्चालनको लागि छनौट भएका अनुदान ग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक सुविधा, वस्तुगत सहायता वा अन्य सहायता सम्झनु पर्छ ।

**(घ) "लाभग्राही"** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि सँग सम्बन्धित समिति र कृषि व्यवसायीहरुलाई सम्झनु पर्छ ।

**(ङ) "कार्यक्रम"** भन्नाले संघिय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय वा प्रदेशबाट स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सम्झनु पर्छ ।

**(च) "नगरपालिका"** भन्नाले पाखीवास नगरपालिकालाई सम्झनु पर्दछ ।

**(छ) "नगर सभा"** भन्नाले पाखीवास नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ज) **"नगर कार्यपालिका"** भन्नाले पाखीवास नगरपालिकाको नगर कार्यपालिका लाई सम्झनु पर्छ ।

(झ) **"प्रमुख"** भन्नाले पाखीवास नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ञ) "**उप-प्रमुख**" भन्नाले पाखीबास नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## कार्यक्रमको उद्देश्य

**३. कार्यक्रमको उद्देश्यहरुः**

(क) यस नगरपालिका क्षेत्र भित्र रहेका कृषि सहकारी संस्थाहरुको उत्पादकत्व वृद्धि गर्न बीउ पुँजी उपलब्ध गर्न ।

(ख) यस पाखीवास नगरपालिकाका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म र कृषि व्यवसायीहरुलाई व्यवसायिक कृषि उत्पादन र त्यसको बजारीकरणको लागि निजहरुले गरेको कृषि उत्पादन/विक्री परिमाणका आधारमा प्रोत्साहन अनुदान दिन ।

(ग) कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न ।

## परिच्छेद- ३

## अनुदान दिन सकिने क्षेत्रहरु

**४. अनुदान दिन सकिने क्षेत्रहरुः**

(१) बीउ पुँजी अनुदान परिचालन कृषि सहकारी संस्थाहरुलाई मात्र उपलब्ध गरिनेछ । कृषि सहकारी संस्थाहरु बाहेक अन्य लाभग्राहीहरुलाई बीउ पुँजी अनुदान उपलब्ध गरिनेछैन ।

(२) कार्यविधिको अनुसूची-१ मा उल्लेखित कृषि व्यवसायमा मात्र कृषि सहकारी संस्थाहरुलाई बीउ पुँजी अनुदान उपलब्ध गराईनेछ ।

(३) कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म र कृषि व्यवसायीहरुलाई कार्यविधिको अनुसूची-१ मा उल्लेखित कृषि व्यवसायमा मात्र उत्पादन/बिक्री परिमाणका आधारमा प्रोत्साहन उपलब्ध गराईनेछ ।

(४) बीउ पुँजी अनुदान र उत्पादन/बिक्री परिमाणका आधारमा दिईने प्रोत्साहन अनुदान नगदै दिईने छैन ।

परिच्छेद-४

## बीउ पूँजी अनुदान परिचालन सम्बन्धी व्यवस्थाः

५. **<u>बीउ पूँजी अनुदान परिचालन सम्बन्धी व्यवस्थाः</u>**

१. **<u>कार्यक्रम सञ्चालन प्रक्रियाः</u>**

(क) पाखीबास नगरपालिकाले बिउ पुँजी कोष परिचालन कार्यक्रम कार्यान्वयनको लागि अनूसूची २ को ढाँचामा कृषि सहकारी संस्थाहरुबाट प्रस्ताव माग गर्न गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोश्रो पटक १५ दिनको समय सीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ग) लाभग्राहीहरुले अनुसूची ३ बमोजिमको निवेदनका साथ सोही अनुसूचीमा उल्लेखित कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

(घ) लाभग्राहीहरुको छनौट दफा ७ को स्थानीय छनौट तथा सिफारिस समितिद्वारा हुनेछ ।

(ङ) छनौट भएका लाभग्राहीहरुसँग अनुसूची -४ बमोजिमको सम्झौता गर्नेछ ।

२. **<u>ब्याजदरः</u>** यस कार्यविधि बमोजिम प्रवाह हुने बीउ पुँजीमा ब्याज लाग्नेछैन ।

३. **<u>बीउ पुँजीको अधिकतम सीमाः</u>**

(क) लाभग्राहीले कार्यविधिको अनुसूची १ बमोजिमको क्रियाकलापको हकमा बढीमा ५ (पाँच) लाख सम्म बीउ पुँजी उपलब्ध गराईनेछ ।

(ख) लाभग्राहीलाई व्यवसायिक योजना बमोजिम कार्यक्रम सम्पन्न भएपश्चात मात्र सम्झौता बमोजिमको स्वीकृत बीउ पुँजी भुक्तानी गरिनेछ ।

(ग) बीउ पुँजी रकम भुक्तानीको लागि लाभग्राहीहरुले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकमा खाता खोल्नुपर्ने र आवश्यक बिल भरपाई पेश गर्नुपर्नेछ ।

४. **<u>बीउ पुँजी फिर्ता अवधि र सेवा शुल्क सम्बन्धी व्यवस्थाः</u>**

(क) बीउ पुँजीको फिर्ता अवधि बढीमा १ वर्षको हुनेछ ।

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएतापनि बिउँ पुजीको अन्तिम भुक्तानी र असुलीको अवधि बढीमा १ वर्षको हुनेछ ।

(ग) बिउ पुँजीको लगानी र असुली सम्बन्धी कुनै सेवा शुल्क लिइने छैन । तर लाभग्राहीले समयमा भुक्तानी नगरेमा नेपाल राष्ट्र बैंकले तोकिदिएको मापदण्डमा रहेर हर्जना लिन बाधा पुग्नेछैन ।

(घ) सम्झौता बमोजिमको कार्य नभएमा वा सम्झौता बाहेक अन्य कार्य गरेमा भुक्तानी दिनेछैन ।

५. **<u>बीउँ पुजी कोष फिर्ता गर्नुपर्नेः</u>**

(१) देहायका मध्ये कुनै एक अवस्थामा लाभग्राहीले बीउ पुँजी रकम फिर्ता गर्नुपर्नेछः

(क) सम्झौता अवधि समाप्त भएमा,

(ख) बीउ पुँजी सिफारिस समितिले निर्णय गरेमा ।

(२) उपदफा १ बमोजिम लाभग्राहीले बीउ पुँजी कोष फिर्ता नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ र असुल उपर नभए लाभग्राही संस्थाका पदाधिकारीहरुलाई नेपाल सरकारको प्रचलित कानून बमोजिम कालोसूचीमा राखिनेछ ।

(३) बीउ पुँजी कार्यालयको कोषमा दाखिला भएपछि मात्र बीउ पुँजी अनुदान लिन इच्छुक अर्को कृषि सहकारी संस्थालाई नियमानुसार उपलब्ध गरिनेछ ।

## परिच्छेद-५
## प्रोत्साहन अनुदान सञ्चालन सम्बन्धी व्यवस्थाः

६. **प्रोत्साहन अनुदान सञ्चालन सम्बन्धी व्यवस्थाः**

१. **कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) पाख्रीबास नगरपालिकाले प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयनको लागि अनूसूची ५ को ढाँचामा कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म र कृषि व्यवसायीहरुलाईबाट प्रस्ताव मागको लागि सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम बमोजिम आवेदन वा प्रस्ताव नपरेमा दोश्रो पटक १५ दिनको समय सीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ग) लाभग्राहीहरुले प्रोत्साहन अनुदान माग गर्दा अनुसूची ५ बमोजिमका कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

(घ) लाभग्राहीहरुको छनौट दफा ७ को स्थानीय छनौट तथा सिफारिस समितिद्वारा हुनेछ ।

(ङ) प्रोत्साहन सम्बन्धी व्यवस्था अनुसूची-७ बमोजिम हुनेछ ।

७. **छनौट तथा सिफारिस समितिः**

पाख्रीबास नगरपालिका क्षेत्र भित्र रहेका बीउ पुँजी अनुदान परिचालनको लागि सहकारी संस्था छनौट तथा सिफारिस गर्न र यस नगरपालिका भित्र रहेका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म र कृषि व्यवसायीहरुलाई कृषि उत्पादन/बिक्री परिमाणका आधारमा दिईने प्रोत्साहन अनुदानको छनौट तथा सिफारिसको लागि तपसिलका पदाधिकारीहरु रहेको छनौट तथा सिफारिस समिति रहनेछः

तपसिलः

(क) संयोजकः नगर-प्रमुख

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एक जना अधिकृतस्तरको कर्मचारीः सदस्य

(ग) सहकारी शाखा प्रमुख वा शाखाका कर्मचारीः  सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख वा शाखाका कर्मचारीः सदस्य

(ङ) कृषि विकास शाखा प्रमुख वा शाखाका कर्मचारीः  सदस्य सचिव

८. **<u>स्थानीय अनुगमन तथा निरीक्षण समितिः</u>**

**<u>स्थानीय अनुगमन तथा निरीक्षण समितिः</u>** बीउ पुँजी अनुदान परिचालन कार्यक्रम र यस नगरपालिका भित्र रहेका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म र कृषि व्यवसायीहरुलाई कृषि उत्पादन/बिक्री परिमाणका आधारमा दिईने प्रोत्साहन अनुदानको अनुगमन तथा निरीक्षण गर्नको लागी यस नगरपालिकाको उप-प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारी रहेको एक स्थानीय अनुगमन तथा निरीक्षण समिति रहनेछः

| | |
|---|---|
| १. नगर उप-प्रमुख | संयोजक |
| २. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ३. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ४. कृषि शाखाको शाखा कर्मचारी | सदस्य |
| ५. सम्बन्धित वडाको वडा सचिव | सदस्य |

(क) स्थानीय अनुगमन तथा निरीक्षण समितिले लाभग्राहीहरुले बीउ पुँजी परिचालन कार्यक्रम र यस नगरपालिका भित्र रहेका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म र कृषि व्यवसायीहरुलाई कृषि उत्पादन/बिक्री परिमाणका आधारमा दिईने प्रोत्साहन अनुदानको तोकिएको शर्तहरु बमोजिम भए/नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नेछ ।

(ख) खण्ड (क) मा तोकिएको शर्त बमोजिम कार्यक्रम नभएमा बीउ पुँजी अनुदान र प्रोत्साहन अनुदान उपलब्ध गरिनेछैन ।

(ग) बीउ पुँजी अनुदान र प्रोत्साहन अनुदानको प्रगति प्रतिवेदन मासिक रुपमा सम्बन्धित शाखाले नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।प्रतिवेदन पेश गर्दा सम्बन्धित शाखाले कार्यक्रम सञ्चालन भएको स्थानमा स्थलगत निरीक्षण गरेर मात्र गर्नुपर्नेछ ।

## परिच्छेद-६
## विविध

९. **<u>कार्वाही सम्बन्धी व्यवस्थाः</u>** यस कार्यविधि अनुसार बीउ पुँजी लिई समयमै बीउ पुँजी फिर्ता नगर्ने लाभग्राहीहरुलाई प्रचलित ऐन, कानून तथा कार्यविधिको आधारमा कार्बाही गरिनेछ ।लाभग्राहीहरुलाई कालो सूचीमा राख्नको लागि सिफारिस गरिनेछ ।

१०. **<u>संशोधनः</u>** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अडचन परेमा नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार संशोधन गर्न गर्न सक्नेछ ।आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/परामर्श लिई संशोधन गरिनेछ ।

११. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएका प्रक्रियाको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य बुदाँहरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची-१**

<u>सञ्चालन हुने कृषि व्यवसायः</u>

क. फलफूल उत्पादन व्यवसाय (सुन्तला, आँप,लिची, किवी, एभोकाडो, कागती, केरा, मेवा लगायत अन्य)

ख. तरकारी उत्पादन व्यवसाय (टमाटर, आलु, काउली, बन्दाकोपी, रायोसाग, सिमी, काक्रा फर्सी आदि)

ग. मौरीपालन

घ. मसलाबाली (अलैची, अदुवा, खोर्सानी, लसुन, प्याज आदि)

## अनुसूची-२

प्रस्ताव आव्हानको सूचना

यस पाखीबास नगरपालिकाको आर्थिक वर्ष .................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीउ पुँजी कोष परिचालन कार्यक्रम सञ्चालन गर्न ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन सम्ममा कार्यालय समयभित्र आइपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ ।साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमलाई कार्यक्रमको लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची-३ अनुसारको आवेदन,

२. सहकारी संस्था दर्ता प्रमाणपत्र र नवीकरण प्रमाणपत्र

३. स्थायी लेखा नम्बर (PAN), करचुक्ता र दर्ता

४. अघिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदन

५. सहकारी बैठकको निर्णय प्रतिलिपी

६. व्यवसायिक योजना

७. १ वर्ष भित्र बीउ पुँजी फिर्ता गर्न प्रतिबद्धता पत्र

८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

९. अन्य आवश्यक कागजातहरु

## अनुसूची-३

आवेदन फाराम

मितिः........................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पाख्रीबास नगर कार्यपालिकाको कार्यालय,
पाख्रीबास, धनकुटा ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ बारे ।

महोदय,

प्रस्तुत विषयमा यस पाख्रीबास नगरपालिकाको मिति........................ मा प्रकाशन गरिएको बीउ पुँजीकोष परिचालन कार्यक्रममा सहभागी हुन तपसिलको कागजात सहित निवेदन पेश गरेको छु ।

तपसिलः

१. अनुसूची-३ अनुसारको आवेदन,
२. सहकारी संस्था दर्ता प्रमाणपत्र र नवीकरण प्रमाणपत्र
३. स्थायी लेखा नम्बर (PAN), करचुक्ता र दर्ता
४. अघिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदन
५. सहकारी बैठकको निर्णय प्रतिलिपी
६. व्यवसायिक योजना
७. ३ वर्ष भित्र बीउ पुँजी फिर्ता गर्न प्रतिबद्धता पत्र
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
९. अन्य आवश्यक कागजातहरु

निवेदक

नामः

ठेगानाः

संस्था संचालक वा प्रतिनिधीको सही........................

सम्पर्क नं. ......................................................

सहकारी संस्थाको छाप........................

## <u>सम्झौता पत्र</u>

यो सम्झौता (यसपछि सम्झौता भनिएको) मिति.............................. साल....................... महिनाको........... गतेका दिन पाखीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाखीबास, धनकुटा (जसलाई यस पछि प्रथम पक्ष भनिएको) र ...............................................................(जसलाई यस पछि दोश्रो पक्ष भनिएको) बीच ................................... व्यवसाय सञ्चालनको लागि कूल रकम ............................को ............प्रतिशतले हुन आउने वा बढीमा ४ लाख मात्र प्रथम पक्षले दोश्रो पक्षलाई प्रदान गर्न देहाय बमोजिमको शर्तहरुको पालना गर्नेगरी यो सम्झौता गरिएको छ । यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मिति देखी लागू हुनेछ ।

१. यो सम्झौता, सम्झौता भएको मितिबाट लागू हुनेछ ।

२. सम्झौता भएको मितिले सम्झौता अनुसारको क्रियाकलापहरु १५ दिन भित्र शुरु गर्नुपर्नेछ ।शुरु मिति .......... र सम्पन्न हुने मिति................................हुनेछ ।

३. व्यवसायको कूल लागत रु............... अक्षरेपी.......................................................... छ ।

४. बुदाँ नम्बर ३ मा उल्लेखित व्यवसायको लागि कार्यसम्पन्न पश्चात एकमुष्ट भुक्तानी दिईनेछ ।

५. बीउ पुँजी लिएको १ (एक) वर्ष भित्र सम्पूर्ण रकम एकमुष्ट फिर्ता गर्नुपर्नेछ ।

६. यस सम्झौतामा उल्लेख भएदेखी बाहेक अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| <u>पहिलो पक्षको तर्फबाट</u> | <u>दोश्रो पक्षको तर्फबाट</u> |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयः | संस्थाः |
| छापः | छापः |

साक्षीः

१.

२.

३.

अनुसूची-५

# आवेदन फाराम

मितिः.......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पाख्रीबास नगर कार्यपालिकाको कार्यालय,
पाख्रीबास, धनकुटा ।

विषयः कार्यक्रममा सहभागी हुन पाउँ बारे ।

महोदय,

प्रस्तुत विषयमा यस पाख्रीबास नगरपालिकाको मिति....................... मा प्रकाशन गरिएको प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन तपसिलको कागजात सहित निवेदन पेश गरेको छु ।

तपसिलः

१. आवेदन,
२. सहकारी संस्था दर्ता प्रमाणपत्र र नवीकरण प्रमाणपत्र (सहकारी संस्थाको हकमा मात्र)
३. स्थायी लेखा नम्बर (PAN), करचुक्ता र दर्ता (फर्म वा संस्थाको हकमा मात्र)
४. अघिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदन (फर्म वा संस्थाको हकमा मात्र)
५. बैठकको निर्णय प्रतिलिपी (फर्म वा संस्थाको हकमा मात्र)
६. नागरिकताको प्रतिलिपी
७. उत्पादन तथा बिक्री परिमाणको निस्सा (बाली खुलेको हुनुपर्ने)
८. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
९. अन्य आवश्यक कागजातहरु

निवेदक
नामः
ठेगानाः
संस्था वा फर्मको हकमा मात्र
संस्था/फर्मको प्रमुख वा प्रतिनिधीको सही.......................
सम्पर्क नं. ......................................................
संस्था/फर्मको छाप.......................

## अनुसूची-६
## प्रोत्साहनको अनुदानको निर्धारण

| सिनं | विवरण | बाली लगाएको क्षेत्रफल | उत्पादित परिमाण | बिक्री परिमाण | बिक्री मूल्य (ढुवानी सहित) | प्रोत्साहन अनुदान | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | वस्तुगत सामाग्री | नगद प्रोत्साहन |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नोटः अनुसूची-६ नगर कार्यपालिका बैठकको निर्णय अनुसार निर्धारण हुने ।